# नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

लोकतन्त्र दिवस–२०८२ को सुखद अवसरमा सम्पूर्ण प्रदेशवासी तथा देश, बिदेशमा रहनुभएका नेपाली दिदीबहिनी र दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । देशमा लोकतन्त्र स्थापनामा आफ्नो प्राणको आहुति दिने महान सहिदहरूप्रति उच्च सम्मान भावका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

निरंकुशताबिरुद्द नेपालको इतिहासमा बि. सं. २०६२/२०६३ मा भएको आम नेपालीको सहभागिताको जनआन्दोलन भाग- २ को परिणामस्वरूप आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रको उत्कृष्ट अभ्यासमा छौँ।

नेपाली जनताले लामो संघर्ष, बलिदान र त्यागबाट प्राप्त गरेको लोकतान्त्रिक मूल्य र मान्यता हाम्रो गौरवको धरोहर हो । लोकतन्त्र सार्वभौम नागरिक र नागरिकको स्वतन्त्रताको सर्वोच्चता स्थापित गर्ने दर्शनबाट अभिप्रेरित व्यवस्था हो । लोकतन्त्रमा शासन प्रणालीलाई पारदर्शी तथा जवाफदेही बनाउने, बेथिति अन्त्य गर्ने, शुसासन कायम गर्ने, जनतामा सेवा प्रवाह अभिवृद्धि गर्ने र जनताको भरोसा जागृत गराउन हामी सबैले लोकतान्त्रिक प्रणालीको संस्थागत विकास, मौलिक र मानव अधिकारको संरक्षण, सुशासन, प्रवर्द्धन र न्यायमूलक समावेशी समाज निर्माणका लागि अझ दृढ प्रतिबद्धता जनाउनु आवश्यक छ ।

लोकतन्त्र शासन व्यवस्था मात्र नभई जनताको सहभागिता, समानता, पारदर्शिता र उत्तरदायित्वमा आधारित सभ्य र सहिष्णु समाजको आधारशिला हो । यसलाई मजबुत बनाउन हामी सबै क्रियाशील रहनुपर्दछ । हामी आफ्ना कर्तब्यप्रति निष्ठावान र अधिकारप्रति सचेत भै लोकतन्त्रलाई संस्थागत गर्दै समृद्ध देश निर्माणमा अघि बढ्नुपर्दछ ।

आजको दिनले आफ्ना सैद्धान्तिक बिचार र राजनैतिक दर्शनभन्दा एक कदम माथि उठेर राष्ट्रहित र आम जनताको भलाईमा लाग्न सम्पूर्ण राजनैतिक दल र नागरीक समाजलाई प्रेरणा दिने बिश्वास लिएको छु। आजको यो महान दिनले हामी सबैमा एकता, मेलमिलाप, सहिष्णुता र जिम्मेवार नागरिकको भावना जागृत गराउनेछ भन्ने कामना सहित पुनः सबैमा लोकतन्त्र दिवसको शुभकामना दिन चाहन्छु ।

**२०८२ साल बैशाख ११ गते, बिहीवार**
**ने. सं. ११४५ चौलागाः एकादशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**